माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८) जेठ ४ गते, २०८२ साल

भाग २

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपालको**

## सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०२/०४ को बैठकबाट माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी (दोश्रो संशोधन) मापदण्ड, २०८२ संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी (दोश्रो संशोधन) मापदण्ड, २०८२**

प्रस्तावनाः माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड, २०७९  लाई संशोधन  गर्न वाञ्छनीय भएकोले,

माण्डवी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी (दोश्रो संशोधन) मापदण्ड, २०८२”** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड, २०७९  को  दफा ९ मा संशोधन:** माण्डवी गाउँपालिकाको विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड, २०७९  को  दफा ९ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राख्ने।

" (२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी पहिरो तथा हावाहुरीका कारण धनजनको क्षती भएमा गाउँपालिकाबाट क्षतिको प्राविधिक लागत अनुमान तयार गर्न लगाई गाउँपालिका स्तरिय वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयबाट  प्राविधिक लागत अनुमानको आधारमा राहत प्रदान गर्ने रकम  स्वीकृत गरी गाउँ कार्यपालिकाबाट अनुमोदन गराएर मात्र व्यक्तिगत तथा  सामुदायिक/सार्वजनिक संस्थालाई राहत रकम  प्रदान  गर्ने।"

**प्रमाणीकरण मिति: २०८२/०२/०४**

**आज्ञाले,**
**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**